नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
KAMALADI, KATHMANDU, BAGMATI PROVINCE, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: corporate@nsbl.com.np

मिति: २०८१/१०/२०
प.सं.: एनएसबिएल/सिओ/सिएसओ/२०८१-८२/८७

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**

**सिंहदरबारप्लाजा, काठमाडौं ।**

**विषयः- <u>बैंकको ३१औं वार्षिक साधारण सभाको माईन्यूट सम्बन्धमा ।</u>**

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको मिति २०८१ पौष २१ गते (तदनुसार ५ जनवरी २०२५), आइतबार सम्पन्न एकतीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) यसै पत्रसाथ संलग्न गरी पठाइएको वेहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय

कम्पनी सचिव

# नेपाल एसबिआई बैंक लिमिटेड

## एकतीसौं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :-**

नेपाल एसबिआई बैंक लिमिटेडको एकतीसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम बैंक संचालक समितिका अध्यक्ष श्री जयती बन्सलज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

मिति : वि.सं. २०८१ साल पौष २१ गते (तदनुसार ५ जनवरी २०२५), आइतबार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

३. **उपस्थिति :-**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री जयती बन्सल | : | अध्यक्ष |
| २. | श्री पिनाकी नाथ बनर्जी | : | संचालक |
| ३. | श्री भरत राज वस्ती | : | संचालक |
| ४. | श्री अप्सरा उप्रेती | : | संचालक |
| ५. | डा. गोपाल प्रसाद भट्ट | : | स्वतन्त्र संचालक/ लेखापरीक्षण समितिका संयोजक |
| ६. | श्री दीपक कुमार दे | : | प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री शारदा पाण्डे | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

..................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

..................
**जयती बन्सल**
**(अध्यक्ष)**

| | | | |
|---|---|---|---|
| **ग)** | **व्यवस्थापन पदाधिकारीको उपस्थिति :** | | |
| १. | श्री राजेश कुमार पंडा | : | नायव प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तीय अधिकृत |
| २. | श्री विकास आनन्द | : | प्रमुख संचालन अधिकृत |
| ३. | श्री विष्णु देव यादव | : | सहायक महाप्रबन्धक एवं प्रमुख जोखिम तथा अनुपालना अधिकृत |
| ४. | श्री अर्जुन नेपाल | : | सहायक महाप्रबन्धक एवं प्रमुख कर्जा अधिकृत |
| ५. | श्री सुनंद मल्होत्रा | : | प्रमुख प्रविधि अधिकृत |
| ६. | श्री श्रीधर अधिकारी | : | कम्पनी सचिव तथा प्रमुख- लेखापरीक्षण विभाग |
| ७. | श्री लेखनाथ पोखेल | : | प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड |
| ८. | श्री रोबर्ट श्रेष्ठ | : | प्रमुख- वित्त तथा योजना विभाग |
| **घ)** | **आमन्त्रितको उपस्थिति :** | | |
| १. | श्री राम कुमार तिवारी | : | प्रस्तावित प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री छपि राज पन्त | : | व्यवसाय प्रवर्द्धन सल्लाहकार |
| ३. | श्री शशी सत्याल | : | वाह्य लेखापरीक्षक- प्रवन्ध साफेदार, मेसर्स पिकेएफ टि.आर.उपाध्याय एण्ड कं, चाटर्ड एकाउण्टेन्ट्स |
| ४. | वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| **ङ)** | **शेयरधनीको उपस्थिति :** | : | |
| १. | स्वयं उपस्थित : | | |
| | भौतिक रुपमा उपस्थित | : | ७१३ जना। |
| | अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित | : | १ जना। |
| २. | प्रतिनिधि मार्फत उपस्थित | : | - |

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**जयती बन्सल**
**(अध्यक्ष)**

४. <u>सभामा प्रस्तुत छलफलका विषयहरू</u> :–

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०८०/८१ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण (२०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७१,९२,६०,४३१.३२ बराबर (चुक्ता पुँजीमा ६.८५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विशेष प्रस्ताव :**

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ३९,९०,०५,७८६.७२ बराबर (चुक्ता पुँजीमा ३.८० प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्र तथा नियमावलीका विभिन्न दफा/नियममा संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

..................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

..................
**जयती बन्सल**
**(अध्यक्ष)**

३. बैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. ८८,८७,१५३.१८ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गर्ने ।

४. संचालकहरूलाई दिइने बैठक भत्ता तथा स्थानीय संचालकहरुलाई प्रदान गरिने पत्रपत्रिका तथा समाचार सामाग्री वापतको मासिक खर्च वृद्धि गर्न बैंकको नियमावलीको नियम २९ को उपनियम (ख) र (घ१) संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

५. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

६. प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**५. <u>गणपूरक संख्या</u> :–**

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित* | | प्रतिनिधि मार्फत | | कुल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ४३,७२० | १०,५०,०१,५२२.८२ | ७४ | ७,४३,९९,३५६ | - | - | ७४ | ७,४३,९९,३५६ | ७०.८५ |

*अनलाईन/ भर्चुअल माध्यम जुम (ZOOM) मार्फत समेत ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

६. **स्वागत एवं आसन ग्रहण :–**

सभाको शुरूमा कम्पनी सचिव श्री श्रीधर अधिकारीले साधारण सभाका लागि प्रत्यक्ष रुपमा सभास्थलमा उपस्थित एवं अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक स्वागत गर्नुभयो । तत्पश्चात् कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप संचालक समितिका अध्यक्ष श्री जयती बन्सलज्यूलाई साधारण सभाको अध्यक्षता गरिदिन मञ्चमा आमन्त्रण गर्नुभयो र सभाध्यक्षको आसन ग्रहणपश्चात सभाध्यक्षको अनुमतिमा कम्पनी सचिवले संचालकहरु, पर्यवेक्षक, आमन्त्रित महानुभावहरु तथा बैंक व्यवस्थापन पदाधिकारीहरुलाई साधारण सभामा हार्दिक स्वागत गर्दै मञ्चमा आसन ग्रहण गर्न आग्रह गर्नुभयो । सभास्थलमा प्रत्यक्ष उपस्थित एवं अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई कम्पनी सचिवले यथास्थानमा आसन ग्रहणका लागि अनुरोध गर्नुभयो । आसन ग्रहण पश्चात् राष्ट्रिय गान गाउने कार्य सम्पन्न भयो ।

७. **सभाको वैधानिकता :–**

एकतीसौं वार्षिक साधारण सभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना वि.सं. २०८१ मंसिर २८ गतेको "कारोबार" राष्ट्रिय दैनिक तथा मिति २०८१ पौष ०५ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै उक्त सूचना तथा साधारण सभामा छलफल गरिने विषयहरू सहितको बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनीहरुको आवश्यक जानकारीका लागि मिति २०८१ मंसिर २८ गते बैंकको वेबसाइटमा राखिएको तथा शेयरधनी महानुभावहरुको व्यक्तिगत वा इमेल ठेगानामा पनि पठाइएको थियो । शेयरधनीहरुको जानकारीका लागि साधारण सभा सम्वन्धी सूचना मिति २०८१ मंसीर २९ गते रेडियो अन्नपूर्ण एफ.एम. मार्फत समेत प्रशारण गरिएको थियो । राष्ट्रिय दैनिकमा प्रकाशित तथा रेडियो मार्फत प्रशारण भएको ३१औं वार्षिक साधारण सभा सम्वन्धी सूचनामा मिति २०८१ पौष ७ गते १ दिनका लागि बैंकको शेयर दाखिल खारेज बन्द रहने व्यहोरा समेत जानकारी गराईएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७९ वमोजिम आवश्यक कागजात र सभामा पेश हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काइस दिन अगावै तयार गरी शेयरधनीहरुले बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं तथा बैंकको शेयर रजिष्ट्रार, नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, ठमेल, काठमाडौंमा निरीक्षण गर्न सक्ने व्यवस्था मिलाइएको थियो । साथै, साधारण सभा सम्वन्धी सूचना, जानकारी तथा बैंकको वार्षिक प्रतिवेदन बैंकको वेवसाइट मार्फत समेत उपलब्ध गराइएको थियो । अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिन इच्छुक शेयरधनीहरुलाई Meeting ID तथा Password उपलब्ध गराईएको वेहोरा समेत कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो ।

| | |
|---|---|
| श्रीधर अधिकारी | जयती बन्सल |
| (कम्पनी सचिव) | (अध्यक्ष) |

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

कुल ४३,७२० (फ्र्याक्सन शेयरमात्र धारण गर्ने शेयरधनीहरु बाहेक) शेयरधनीहरुमध्ये प्रत्यक्ष रुपमा सभास्थलमा स्वयं उपस्थित हुनुभएका ७१३ जना शेयरधनीहरू र अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिनुभएका १ जना शेयरधनी समेत कुल ७१४ शेयरधनी साधारण सभामा उपस्थित हुनुभएको र कुल चुक्ता पुँजीको ७०.८५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने जानकारी गराउँदै एकतीसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको प्रावधान बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) एवं बैंकको नियमावली अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री श्रीधर अधिकारीले सभाध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । साथै, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा १६४ को उपदफा ८ बमोजिम लेखापरीक्षण समितिका अध्यक्ष/संयोजक लगायत कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम यस बैंकका सम्पूर्ण संचालकहरु साधारण सभामा उपस्थित रहनुभएको जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो । सभाले कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको हो भन्ने यकिन गरेको र त्यस सम्वन्धमा अन्य प्रचलित ऐन, कानूनको पालना गरेको एवं रीतपूर्वक साधारण सभाको सूचना दिइएकाले तथा साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको सभाले साधारण सभा गर्न मञ्जुर गरेकाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको हुँदा सभाध्यक्ष श्री जयती बन्सलज्यूले सभाको काम कारवाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ :

८. **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :–**

क) एकतीसौं वार्षिक साधारण सभाका अध्यक्ष श्री जयती बन्सलज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०८०/८१ का लागि संचालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण (२०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत) एवं बैंकको सहायक कम्पनी "नेपाल एसबिआई

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफलका लागि प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षले प्रस्तुत संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण तथा बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपरको छलफलमा भाग लिन तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्वन्धमा आफ्नो राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

९. **छलफलमा सहभागी शेयरधनीहरू :–**

छलफलका क्रममा देहायमा उल्लेख भए वमोजिमका शेयरधनी महानुभावहरूले प्रस्तुत संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण, बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्वन्धमा आ-आफ्ना राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

क) **साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :**

- ✓ श्री शत्रुघन श्रेष्ठ
- ✓ श्री सुदिप श्रेष्ठ
- ✓ श्री उत्तम दत्त पाण्डे
- ✓ श्री व्यास कुमार शर्मा
- ✓ श्री उद्धव प्रसाद घिमिरे
- ✓ श्री लवराज जोशी
- ✓ श्री राम चन्द्र पोखरेल (प्रतिनिधि- कर्मचारी संचय कोष)
- ✓ श्री जयन्द्र मान सिंह बानिया
- ✓ श्री भरत वहादुर कार्की
- ✓ श्री कुवेर लाल श्रेष्ठ
- ✓ श्री दिलीप मान श्रेष्ठ
- ✓ श्री उपेन्द्र राज पाठक

ख) **अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत छलफलमा सहभागी शेयरधनी :**

- ✓ श्री चन्द्र नारायण श्रेष्ठ

............
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

............
**जयती बन्सल**
**(अध्यक्ष)**

ग) **लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू :**

- ✓ श्री गुणराज भट्ट
- ✓ श्री कृष्ण प्रसाद अधिकारी
- ✓ श्री ब्रम्हदेव शाक्य
- ✓ श्री गोविन्द वहादुर केसी
- ✓ श्री भक्ति प्रसाद उप्रती
- ✓ श्री लक्ष्मण वहादुर श्रेष्ठ
- ✓ श्री इन्द्र कृष्ण श्रेष्ठ
- ✓ श्री वैजु नाथ रौनियार
- ✓ श्री डमरु वल्लभ घिमिरे
- ✓ श्री उत्सव सुन्दर श्रेष्ठ
- ✓ श्री नरसिंह लाल चखूँ
- ✓ श्री जगन्नाथ आचार्य
- ✓ श्री निरुपमा गुप्ता

१०. **मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :-**

छलफलका क्रममा उल्लेखित शेयरधनीहरूले आ-आफ्ना मन्तव्य राख्ने क्रम सम्पन्न भए पश्चात् सभाध्यक्ष श्री जयती बन्सलज्यूले संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण, बैंकको सहायक कम्पनीको वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यवसायिक गतिविधिका सम्वन्धमा शेयरधनीहरूवाट व्यक्त मन्तव्यका लागि हार्दिक आभार प्रकट गर्दै उहाँहरुले व्यक्त गर्नुभएको राय, जिज्ञासा एवं सुझावको सम्वोधन गरी प्रतिक्रिया दिन प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे लाई अनुरोध गर्नुभयो ।

शेयरधनीहरूवाट व्यक्त धारणा, राय, जिज्ञासा तथा सुझावको सार यसै माईन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

**प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे ले सभास्थलमा प्रत्यक्ष उपस्थित तथा भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा सहभागी शेयरधनीहरुलाई स्वागत गर्नुभयो र शेयरधनीहरूबाट व्यक्त राय, जिज्ञासा एवं सुझावको देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

| | |
|---|---|
| **श्रीधर अधिकारी** | **जयती बन्सल** |
| **(कम्पनी सचिव)** | **(अध्यक्ष)** |

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- प्रतिकूल परिस्थितिका बावजुत शेयरधनीहरुको अपेक्षा बमोजिम उत्कृष्ट प्रतिफल दिन बैंक सफल भएकोमा खुसी व्यक्त ।
- शेयरधनीहरुको अपेक्षा बमोजिम बढ्दो रुपमा लगातार दोहोरो अंकको लाभांश वितरण गर्ने प्रस्ताव साधारण सभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षित भएको धारणा व्यक्त गर्दै आगामी वर्षको लाभांश सम्बन्धमा प्राप्त सुझाव एवं अपेक्षा पूरा गर्न प्रयास गरिने धारणा व्यक्त ।
- भारतमा लोकप्रिय रहेको रुपे कार्ड भारतीय पर्यटकले नेपाल भ्रमण गर्दा समेत प्रयोग गर्ने भएकाले यसबाट बैंकलाई लाभ र नेपालको अर्थतन्त्रमा समेत मद्दत पुग्ने धारणा व्यक्त ।
- बैंकले प्रयोगमा ल्याएको मोबाइल बैंकिङ्ग एप्लिकेशन "योनो नेपाल एसबिआई" सुरक्षित एवं थप सुविधायुक्त बनाइएको जानकारी ।
- बैंकले हालका वर्षहरुमा विस्तार गरेका शाखाहरुको जानकारी दिदै आगामी दिनमा प्राप्त सुझावहरुलाई समेत ध्यान दिई आवश्यकता अनुसार नयाँ शाखा खोलिने धारणा व्यक्त ।
- बैंकले छुट्टै शैक्षिक कर्जा प्रशोधन इकाई स्थापना गरेको र सो बाट ग्राहकवर्गलाई सरल एवं छिटो छरितो तवरले शैक्षिक कर्जा उपलब्ध गराउन सकिने धारणा व्यक्त ।
- कर्जा निक्षेप अनुपातलाई उचित स्तरमा वृद्धि गर्न बैंक प्रतिवद्ध रहको धारणा व्यक्त ।
- प्रधान कार्यालयको भवन निर्माण भएसँगै बैंकका अन्य कार्यालयहरुको भवन निर्माण गर्न प्राप्त सुझाव उपर बैंकले आवश्यक विचार गर्ने जानकारी ।
- बैंकका कर्मचारीहरुलाई सदैव उत्प्रेरित राख्न तलब, भत्ता तथा अन्य सुविधाहरु सन्तोषजनक स्तरमा कायम गरिएको धारणा व्यक्त गर्दै सो सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त सुझाव मनन गरिने धारणा व्यक्त ।
- बैंकका प्रमुख वित्तीय सूचकहरुका बारेमा जानकारी प्रस्तुत गर्दै बैंकको व्यवसाय वृद्धिका लागि निरन्तर प्रयासरत रहने प्रतिवद्धता व्यक्त ।
- दिगो व्यवसाय वृद्धिका लागि बैंकले रणनीतिक योजना अनुसार काम गरिरहेको जानकारी गराउँदै सजगतापूर्वक वासलातको आकार वृद्धिका साथ व्यवसाय विस्तार, आम्दानी एवं नाफा वृद्धि तथा खर्चलाई उपयुक्त सीमाभित्र कायम गर्न प्राप्त सुझाव मनन गरिने प्रतिबद्धता व्यक्त ।
- निष्कृय कर्जा नियन्त्रण गर्न अथक कार्य गर्ने सम्पूर्ण कर्मचारीको प्रयासको उच्च कदर गर्दै निष्कृय कर्जा घटाउन सफल भएकोमा खुसी व्यक्त एवं सो सम्बन्धमा प्राप्त सुझाव/सल्लाहलाई मनन गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त ।
- बैंकले संचालन गरेका संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरुबाट लक्षित वर्ग लाभान्वित भएको धारणा व्यक्त गर्दै संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्बन्धी सुझावहरुलाई मनन गरिने विचार व्यक्त ।

| | |
|---|---|
| ............... | ............... |
| **श्रीधर अधिकारी** | **जयती बन्सल** |
| **(कम्पनी सचिव)** | **(अध्यक्ष)** |

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- बैंकको वार्षिक साधारण सभा पहिलो त्रयमासभित्र वा दशै/तिहार अगाडि नै सम्पन्न गर्ने सम्वन्धमा प्राप्त सुझाव मनन गर्दै सो का लागि प्रयास गरिने धारणा व्यक्त ।
- क्रेडिट कार्ड सेवा सुरुवात गर्न प्राप्त सुझावका सम्वन्धमा बैंकले सो का लागि आवश्यक कार्य गरिरहेको जानकारी ।
- वार्षिक प्रतिवेदनका सम्वन्धमा प्राप्त सुझावहरुलाई आगामी दिनमा मनन गरिने धारणा व्यक्त ।
- छलफलमा सहभागी भई एवं लिखित रुपमा आफ्नो धारणा, राय, सल्लाह, सुझाव व्यक्त गर्ने सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दै उक्त राय, सुझावहरुलाई उच्च महत्वका साथ लिइएको तथा आवश्यकता, उपयुक्तता एवं सम्भाव्यताका आधारमा प्रचलित नियामकीय एवं कानूनी प्रावधानहरुको अधिनमा रही कार्यान्वयन गर्न पहल गरिने प्रतिवद्धता व्यक्त ।

**११. साधारण सभाको निर्णय :**

**क) सामान्य प्रस्तावतर्फ :**

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले संचालक समितिका तर्फबाट पेश गर्नुभएको आ.व. २०८०/८१ का लागि संचालक समितिको प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव राख्नुभएकोमा सभाले सो संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण (२०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफानोक्सान हिसाव र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड" को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरिदिन सभाध्यक्षले सभामा प्रस्ताव राख्नुभएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित गऱ्यो ।

४. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ७१,९२,६०,४३१.३२ (अक्षरेपी एकहत्तर करोड बयानब्बे लाख साठ्ठी हजार चार सय एकतीस रुपैयाँ बत्तीस पैसा मात्र) बरावर (चुक्ता पुंजीमा ६.८५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

पारित गर्ने सम्बन्धी प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

५. छलफलको विषयसूची नं. ५ बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधानअनुरूप बैंकको लेखापरीक्षण समितिले प्रचलित कानूनबमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य लेखापरीक्षक मेशर्स पिकेएफ टि.आर. उपाध्याय एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति गर्न र निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु.२८,००,०००/- (अक्षरेपि अट्ठाइस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्न सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सभाध्यक्षले सभासमक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व.२०८१/८२ का लागि मेशर्स पिकेएफ टि.आर. उपाध्याय एण्ड कं, चार्टर्ड एकाउण्टेन्टसलाई प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु.२८,००,०००/- (अक्षरेपि अट्ठाइस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्‍यो ।

६. सामान्य प्रस्तावको विषयसूची नं. ६ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत विविधमा कुनै प्रस्ताव नभएको ।

**ख) विशेष प्रस्ताव :**

१. सभाध्यक्षले विशेष प्रस्तावको बुँदा १ बमोजिम बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई रु. ३९,९०,०५,७८६.७२ (अक्षरेपि उनन्चालीस करोड नब्बे लाख पाँच हजार सात सय छयासी रूपैयाँ बहत्तर पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ३.८० प्रतिशत अर्थात प्रत्येक १०० कित्ता बराबर ३.८० कित्ताका दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

२. माथि विशेष प्रस्तावको बुँदा १ को फलस्वरुप बैंकको जारी तथा चुक्ता पुँजीलाई वृद्धि गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रवन्धपत्रको दफा ४(न), ४(ज्ञ), ४(घघ), ५(१)(ख) र ५(१)(ग) मा संशोधन गर्ने तथा दफा

| | |
|---|---|
| श्रीधर अधिकारी | जयन्ती बन्सल |
| (कम्पनी सचिव) | (अध्यक्ष) |

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

४(टट$_{४}$) र ४(टट$_{५}$) थप गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । सभाबाट पारित प्रबन्धपत्रको संशोधन देहाय बमोजिम रहेको :

**क) प्रबन्धपत्रमा संशोधन :**

**१. दफा ४(न) को सट्टामा देहाय बमोजिम दफा ४(न) कायम गरिएको :**

नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल, ऋणपत्र, अन्य धितोपत्र वा वित्तीय उपकरणहरू खरिद बिक्री गर्ने, सकार गर्ने र त्यसको दरपिठ गर्ने ।

**२. दफा ४(ज्ञ) को सट्टामा देहाय बमोजिम दफा ४(ज्ञ) कायम गरिएको :**

अटोमटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ्ग मेशिन, पोइन्ट अफ सेल्स (Point of Sales) वा अन्य विद्युतीय साधन वा उपकरणको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, कर्जा र अन्य वित्तीय सुविधा दिने ।

**३. दफा ४(घघ) को सट्टामा देहाय बमोजिम दफा ४(घघ) कायम गरिएको :**

प्रचलित कानूनको अधीनमा रही विद्युतीय बैंकिङ्ग (E-banking), मोबाइल बैंकिङ्ग तथा अन्य डिजिटल बैंकिङ्ग कारोबार गर्ने ।

**४. दफा ४ को उपदफा टट$_{३}$ पछि देहाय बमोजिम उपदफा टट$_{४}$ थप गरिएको :**

बैंकको तर्फबाट नालिश उजुर गर्ने, प्रतिवाद गर्ने, बहश पैरवी गर्ने गराउने, प्रतिरक्षा गर्ने, मिलापत्र गर्ने, मुद्दा परित्याग गर्ने र बैंकको ऋण असुल उपर गर्ने, दावी वा मागहरु पूरा गर्ने ।

**५. दफा ४ को उपदफा टट$_{४}$ पछि देहाय बमोजिम उपदफा टट$_{५}$ थप गरिएको :**

प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति/ इजाजत लिई सामूहिक लगानी कोष (म्युचुअल फण्ड) तथा सो का योजनाहरुको स्थापना गर्ने, दर्ता गर्ने, प्रायोजन गर्ने, व्यवस्थापन गर्ने गराउने तथा जारी गर्ने गराउने ।

.................
**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

.................
**जयती बन्सल**
**(अध्यक्ष)**

६. **दफा ५(१)(ख) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ख) कायम गरिएको :**

वैंकको जारी पुँजी रु. १०,८९,९१,५८,०६८/- (दश अर्ब उनानब्बे करोड एकानब्बे लाख अन्ठाउन्न हजार अठसट्ठी रुपैयाँ) हुनेछ। जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले १०,८९,९१,५८०.६८ (दश करोड उनानब्बे लाख एकानब्बे हजार पाँच सय असी दशमलव अठसट्ठी) साधारण शेयरमा विभाजन गरिएको छ।

७. **दफा ५(१)(ग) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ग) कायम गरिएको :**

वैंकको चुक्ता पुँजी रु. १०,८९,९१,५८,०६८/- (दश अर्ब उनानब्बे करोड एकानब्बे लाख अन्ठाउन्न हजार अठसट्ठी रुपैयाँ) हुनेछ।

३. विशेष प्रस्ताव अन्तर्गत बुँदा ३ मा प्रस्तावित गरिए बमोजिम वैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. ८८,८७,१५३.१८ (अक्षरेपि अठासी लाख सतासी हजार एक सय त्रिपन्न रुपैयाँ अठार पैसा मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो खर्च अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गऱ्यो।

४. तत्पश्चात विशेष प्रस्ताव नं. ४ अन्तर्गत संचालकहरुलाई दिइने वैठक भत्ता तथा स्थानीय संचालकहरुलाई प्रदान गरिने पत्रपत्रिका तथा समाचार सामाग्री वापतको मासिक खर्च वृद्धि गर्न वैंकको नियमावलीको नियम २९ को उपनियम (ख) र (घ१) संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो। सभाबाट पारित नियमावलीमा संशोधन देहाय बमोजिम रहेको :

क) **नियमावलीमा संशोधन :**

१. **नियम २९(ख) को सट्टामा देहाय बमोजिम नियम २९(ख) कायम गरिएको :**

संचालकले पाउने वैठकभत्ता देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| संचालक समितिका अध्यक्ष : | रु. २०,०००/- प्रतिवैठक |
| अन्य संचालक : | रु. १८,०००/- प्रतिवैठक |

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

**जयती बन्सल**
**(अध्यक्ष)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

माथि उल्लेख गरिएबमोजिम संचालक समितिको बैठकमा भाग लिएवापत संचालक समितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालक समितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएवापत दिइनेछ ।

**२. नियम २९(घ१) को सट्टामा देहाय बमोजिम नियम २९(घ१) कायम गरिएको :**

स्थानीय संचालकहरुलाई पत्रपत्रिका तथा समाचार सामाग्री वापत मासिक रु. १२,०००/- खर्च दिइनेछ । उक्त खर्च यो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए पश्चात भुक्तानी दिइनेछ ।

५. विशेष प्रस्ताव अन्तर्गत बुँदा ५ मा प्रस्तावित गरिए अनुसार बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्वन्धमा प्रचलित नियम, कानून वमोजिम बैंकको तर्फवाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्वन्धी विशेष प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्वन्धमा प्रचलित नियम, कानून वमोजिम बैंकको तर्फवाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिवाट पारित गऱ्यो ।

६. तत्पश्चात् सभाध्यक्षले विशेष प्रस्ताव नं. ६ अन्तर्गत प्रवन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरूको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्वन्धी प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले प्रवन्धपत्र तथा नियमावलीको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत सम्वद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रवन्धपत्र तथा नियमावली संशोधनको अभिलेख तथा स्वीकृति गराउने लगायतका आवश्यक कामकारवाही गर्न तथा यस साधारण सभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्वन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**जयती बन्सल**
**(अध्यक्ष)**

प्रबन्धपत्र तथा नियमावलीका संशोधित दफाहरुमा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने प्रस्ताव/निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

७. विशेष प्रस्तावको विषयसूची नं. ७ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**१२. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरूमा आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको करिब २:११ बजे सभाध्यक्ष श्री जयती बन्सलज्यूले विधिवत रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**श्रीधर अधिकारी**
**(कम्पनी सचिव)**

**जयती बन्सल**
**(अध्यक्ष)**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

अनुसूची १

**छलफलमा सहभागी शेयरधनीहरूले व्यक्त गर्नुभएका धारणा, राय, जिज्ञासा तथा सुझावको सार**

**क) साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :**

**१. श्री शत्रुघन श्रेष्ठ :**

- Appreciated for proposing dividend of 10.65% for FY 2080/81.
- *Praised for maintaining capital adequacy ratio at 13.24%.*
- Expressed thankfulness for various merchant banking services such as sales and issue management, portfolio management etc. provided by Bank's subsidiary company, Nepal SBI Merchant Banking Ltd.
- Acknowledged continuos expansion and growth realized by the Bank.

**२. श्री सुदिप श्रेष्ठ :**

- हालको विषम परिस्थितिमा समेत बैंकले प्रस्ताव गरेको १०.६५% को लाभांश संन्तोषजनक रहेको धारणा व्यक्त ।
- यस आर्थिक वर्षको पहिलो त्रयमासमा समेत बैंकका प्रमुख वित्तीय सूचकहरु सकारात्मक रहेकोमा खुशी व्यक्त ।
- भारतीय स्टेट बैंकबाट यस बैंकको व्यवस्थापनमा खटीई आउनु भएका पदाधिकारीहरुको योग्यता एवं अनुभवको कदर ।
- बैंकले गरिबीको रेखामुनी रहेका जनताहरुको हितलाई मध्यनजर गरी विपन्न वर्ग कर्जा प्रवाह गरेकोमा खुशी व्यक्त ।
- बैंकले आधुनिक बैंकिङ प्रविधि अन्तर्गत भारतीय पर्यटकलाई लक्षित गरी रुपे कार्ड एक्वायरिङ्ग सेवा संचालनमा ल्याएकोमा धन्यवाद व्यक्त ।
- बैंकले सुविधा सम्पन्न मोबाइल बैंकिङ्ग एप्लिकेशन "योनो" प्रयोगमा ल्याएकोमा खुशी व्यक्त ।
- बैंकलाई आगामी वर्ष पनि पौष मसान्तभित्र साधारण सभा सम्पन्न गर्न र शेयरधनीहरुलाई यसरी नै लाभांश वितरण गर्न सुझाव ।

**३. श्री उत्तम दत्त पाण्डे :**

- बैंकका प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे ले आफ्नो कार्यकाल सफलापूर्वक सम्पन्न गर्न लाग्नुभएकोमा धन्यवाद व्यक्त गर्दै उहाँको स्थानमा आउनुहुने श्री राम कुमार तिवारीलाई वधाई एवं शुभकामना व्यक्त ।
- बैंकिङ्ग उद्योगमा निष्कृय कर्जा बढिरहेको अवस्थामा यस बैंकले निष्कृय कर्जा घटाउन सफल भएकोमा धन्यवाद ज्ञापन ।
- गत वर्ष भन्दा यस वर्ष लाभांशमा वृद्धि भएकोमा खुशी व्यक्त गर्दै आगामी वर्षमा पनि लाभांश वृद्धि हुने अपेक्षा ।
- बैंकले निरन्तर उत्कृष्ट क्रेडिट रेटिङ्ग प्राप्त गर्न सफल भएकोमा खुशी व्यक्त ।
- बैंकले संचालन गरेका संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु प्रशंसनीय रहेको धारणा व्यक्त ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

| | | |
|---|---|---|
| ............... | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ............... |
| श्रीधर अधिकारी | | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

४. श्री व्यास कुमार शर्मा :

- असहज परिस्थितिमा समेत बैंकले सम्पत्तिको गुणस्तर कायम गर्न, निष्कृय कर्जा घटाउन र शेयरधनीहरुलाई समुचित प्रतिफल दिन सफल भएकोमा धन्यवाद ज्ञापन ।
- बैंकका वित्तीय सूचकहरु उत्कृष्ट एवं सन्तुलित रहेको धारणा व्यक्त ।
- समग्र रुपमा बैंकले प्रगति गरिरहेको र सोही अनुरुप थप प्रगति गर्दै आगामी वर्ष प्रतिफल वृद्धि गर्न सुझाव ।
- भारतीय स्टेट बैंकसँगको सहकार्यवाट अधिकतम लाभ लिन सुझाव ।
- गैर कोषमा आधारित व्यवसाय तथा अन्य आम्दानी तर्फ ध्यान केन्द्रित गरी प्रतिफल वृद्धि गर्न सुझाव ।
- आगामी दिनहरु थप चुनौतीपूर्ण रहेकाले सतर्कता पूर्वक अगाड्रि वढ्नुपर्ने धारणा व्यक्त ।
- आगामी वर्ष लाभांशमा उल्लेख्य वृद्धि हुने अपेक्षा ।

५. श्री उद्धव प्रसाद घिमिरे :

- बैंकले यस वर्ष प्रस्ताव गरेको १०.६५% को लाभांश स्वागतयोग्य रहेको धारणा व्यक्त गर्दै बैंक व्यवस्थापन, कार्यकारी प्रमुख तथा कर्मचारीवर्गमा धन्यवाद ज्ञापन ।
- संचालकको भत्ता वृद्धिको सम्वन्धमा पेश भएको प्रस्ताव समसामयिक रहेको धारणा व्यक्त ।
- बैंकले आफ्नो प्रधान कार्यालय भवन निर्माण गरे जस्तै विभिन्न प्रदेशहरु तथा मुख्य शहरहरुमा समेत आफ्नै भवन निर्माण गर्न सुझाव ।
- अन्य बैंकको तुलनामा बैंकको वासलातको आकार सानो भएकाले सम्पत्ति र दायित्वको दायरा बढाउन ध्यानाकर्षण ।
- बैंकले साविकको रेटिङ्ग एजेन्सीबाट लगातार ८औं पटक डबल ए रेटिङ्ग प्राप्त गरेको र आ.व. २०८०/८१ मा अर्को रेटिङ्ग एजेन्सीबाट ट्रिपल ए रेटिङ्ग पाएकोमा खुशी व्यक्त गर्दै सो सम्बन्धी जानकारी वार्षिक प्रतिवेदनको अग्र पृष्ठमा उल्लेख गर्न सुझाव ।
- आगामी दिनमा बैंकको शाखा कार्यालयहरु हिमाली/दुर्गम स्थानमा समेत विस्तार गर्न सुझाव ।
- बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना ।

६. श्री लवराज जोशी :

- बैंकले ६.८५% नगद लाभांश र ३.८०% वोनश शेयर प्रस्ताव गरेकोमा आभार व्यक्त ।
- शेयरधनीहरुको राय, सल्लाह, सुझावलाई आत्मसाथ गरी दिर्घकालीन तथा मध्यम अवधिको योजना तयार गरी सोही बमोजिम नीति निर्माण गरी बैंकलाई अगाडि बढाउन सफल भएकोमा संचालक समिति एवं बैंक व्यवस्थापन प्रति आभार व्यक्त ।
- बैंकका कर्मचारी महत्वपूर्व सम्पत्ति भएकाले कर्मचारीहरुको तलब सुविधा समयानुकुल कायम राख्न सुझाव व्यक्त गर्दै कर्मचारीवर्गले समेत कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्ने धारणा व्यक्त ।
- आगामी वर्ष बैंकको साधारण सभा दशै अगाडि सम्पन्न गर्न सुझाव ।

७. श्री राम चन्द्र पोखरेल (प्रतिनिधि-कर्मचारी संचय कोष) :

- ३१औं वार्षिक साधारण सभाको शुभकामना व्यक्त ।
- बैंकको वासलातले बैंक सही मार्गमा रहेको धारणा व्यक्त ।
- प्रतिकूल अवस्थामा समेत बैंकले १०% भन्दा वढी लाभांश प्रस्ताव गरेकोमा खुसी व्यक्त ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

- वैंकको गतवर्षको कार्यसम्पादनवाट असहज परिस्थितिमा समेत संस्था प्रेरणादायी तवरवाट अगाडि वढ्न सक्षम भएको धारणा व्यक्त ।
- वैंकका प्रवन्ध संचालक श्री दीपक कुमार दे ले आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न लाग्नुभएकोमा कृतज्ञता प्रकट ।

**८. श्री जयन्द्र मान सिंह बानिया :**

- Expressed thankfulness for preparing illustrative annual report.
- Praised for establishment of dedicated Education Loan Processing Cell.
- Acknowledged Triple A credit rating received by the Bank.
- Suggested to increase rate of dividend next year.
- Suggested to increase the income from foreign exchange.
- Appreciated for maintaining sufficient Capital Adequacy Ratio.
- Suggested to increase the ROA & ROE and reduce NPAs of the Bank.
- Wished for better achievement and prosperity of the Bank in coming days.

**९. श्री भरत बहादुर कार्की :**

- साधारण सभा स्थलमा फरक ढङ्गले सक्षम व्यक्तिहरूका लागि समेत सहज पहुँच हुने व्यवस्था गर्न सुझाव ।
- फरक ढङ्गले सक्षम व्यक्तिहरूका लागि समेत संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम संचालन गर्न सुझाव ।
- मुस्कानसहितको सेवा प्रवाहका लागि कर्मचारीहरुलाई अभिमुखीकरण/तालिम कार्यक्रम संचालन गर्न सुझाव ।
- वैंकको एटिएम फरक ढङ्गले सक्षम व्यक्ति मैत्री बनाउनु भएकोमा धन्यवाद ज्ञापन ।

**१०. श्री कुवेर लाल श्रेष्ठ :**

- Expressed gratitude for proposing 10.65% dividend to the shareholders for FY 2080/81.
- Praised for receiving Triple A credit rating.
- Expressed expectation of at least 15% of dividend next year.
- Suggested to increase the Net Profit and EPS next year.
- Requested Management and Board of Directors for close collaboration with the shareholders.
- Appreciated contribution of the Bank in different CSR activities.
- Praised for construction of own Corporate Office building in Kathmandu.
- Wished for progress and prosperity of Bank in the future.

**११. श्री दिलीप मान श्रेष्ठ :**

- वैंकले १०.६५% लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- वैंकको शाखा विस्तारमा जोड दिन आग्रह ।
- वैंकमा कर्मचारीहरुको संख्या आवश्यकता अनुरुप कायम गर्न सुझाव ।

| | | |
|---|---|---|
| **श्रीधर अधिकारी**<br>**(कम्पनी सचिव)** | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | **जयती बन्सल**<br>**(अध्यक्ष)** |

- बैंकले क्रेडिट कार्ड जारी गर्न आवश्यक रहेको सुझाव व्यक्त ।
- भारतीय स्टेट बैंकसँगको सहकार्य बृद्धि गरी भारत केन्द्रित व्यापार व्यवसाय प्रवर्द्धनमा जोड दिन आग्रह ।
- बैंकको प्रधान कार्यालय भवन निर्माण भएकोमा खुसी व्यक्त गर्दै बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन ।
- बैंकको ३१औं साधारण सभाको सफलताको लागि शुभकामना ।

१२. **श्री उपेन्द्र राज पाठक :**

- आगामी वर्ष लाभांश वितरण क्षमता अनुरुप लाभांश प्रस्ताव गर्न आग्रह ।
- बैंकलाई सक्षम एवं अब्बल बनाउनका लागि योगदान गर्नुहुने बैंकका व्यवस्थापक, प्रमुख कार्यकारी अधिकृत र सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन ।

**ख) अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत छलफलमा सहभागी शेयरधनीहरू :**

१. **श्री चन्द्र नारायण श्रेष्ठ :**

- अहिलेको असहज अवस्थामा पनि बैंकले आकर्षक लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकको ३१औं साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त ।
- बैंकले वार्षिक प्रतिवेदनमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको खर्च रकम शीर्षक समेत खुलाएर समावेश गरेकामा धन्यवाद ज्ञापन ।
- बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त ।

**ग) लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू :**

१. **श्री गुण राज भट्ट :**

- बैंकले यस वर्ष १०.६५% लाभांश दिन सक्षम भएकोमा धन्यवाद ज्ञापन ।
- संस्थागत सुशासन, कर्मचारीहरुको लगनशीलता र अनुशासनको परिणाम स्वरुप बैंकले प्रगति गरेको धारणा व्यक्त ।
- बैंकको निष्कृय कर्जा घटाउन सुझाव ।
- कर्मचारी बैंकको हात्तिपाइले खम्बा रहेकाले कर्मचारीहरुको सेवा, सुविधालाई ध्यानमा राखी मेहनती र दक्ष कर्मचारीहरुलाई सेवामा कायम राख्न ध्यान दिन आग्रह ।
- बैंकको प्रबन्ध संचालक श्री दिपक कुमार देज्यूको कार्यकाल निकै सफल रहेको समीक्षा गर्दै निजको उत्तरोत्तर प्रगतिको कामना र प्रस्तावित प्रबन्ध संचालकलाई स्वागत ।
- ३१औं साधारण सभामा प्रस्तुत साधारण तथा विशेष प्रस्तावहरुमा समर्थन जनाउँदै ३१औं साधारण सभाको सफलताको शुभकामना व्यक्त ।

| | | |
|---|---|---|
| ............... | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ............................... |
| **श्रीधर अधिकारी** | | **जयती बन्सल** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

२. श्री कृष्ण प्रसाद अधिकारी :

- बैंकको साधारण सभा समयमा आयोजना गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकले यस वर्ष ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश गरी जम्मा १०.६५% लाभांश प्रस्ताव गरेकोमा आगामी वर्ष २०% लाभाशंको अपेक्षा ।

३. श्री ब्रम्हदेव शाक्य :

- संचालक समितिको प्रतिवेदन यथार्थपूर्ण भएको उल्लेख गर्दै बैंकको निक्षेप, कर्जा लगानी एवं मुनाफामा वृद्धि तथा निष्कृय कर्जामा गिरावट सराहनीय पक्ष भएको उल्लेख गर्दै यस्तो कार्यले निरन्तरता कायम गर्दै जाओस भन्ने कामना व्यक्त ।
- जलविद्युत, जडिबुटी प्रशोधन जस्ता क्षेत्रहरुमा लगानी गरेर लाभ लिन सुझाव ।
- बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. को व्यवसाय सन्तोषजनक रहेको धारणा व्यक्त ।
- बैंकले Asian Banking and Finance Award 2024 पाप्त गर्न सफल भएकोमा आभार व्यक्त ।
- बैंकको ३१औं साधारण सभाको सफलताको कामना ।

४. श्री गोविन्द बहादुर केसी :

- अहिलेको विषम परिस्थितिको बावजुद बैंकले ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश प्रस्ताव गरेकोमा संचालक समिति र व्यवस्थापनलाई विशेष धन्यवाद व्यक्त ।
- बैंक राम्रो, भरपर्दो र विश्वसनीय बन्न सफल होस् भन्ने कामना ।
- बैंकले निक्षेप, कर्जा तथा सापटीमा वृद्धि गर्नुका साथै निष्कृय कर्जा घटाउन सफल भएकोमा संचालक समिति, व्यवस्थापन र सम्पूर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन ।
- ३१औं साधारण सभामा पेश भएको सामान्य र विशेष प्रस्तावमा पूर्ण समर्थन रहेको जानकारी ।
- बैंकले आगामी दिनमा अझ बढी उन्नति गर्दै जाओस भन्ने शुभकामना व्यक्त ।

५. श्री भक्ति प्रसाद उप्रती :

- बैंकको ३१औं साधारण सभाको सफलताको शुभकामना ।
- बैंकले यस वर्ष १०.६५% लाभांश दिने प्रस्ताव गरेकोमा खुशी व्यक्त ।
- बैंकको ब्याज आम्दानी बढाउन आवश्यक उपाय अवलम्बन गर्न सुझाव ।
- बैंकको गैर ब्याज आम्दानी घटेकोले उक्त आम्दानी बढाउन सुझाव ।
- विशेष प्रस्तावको प्रस्ताव न. ५ मा उल्लेखित मर्जर वा एक्विजिशन तर्फ बल नगर्न सुझाव व्यक्त ।
- ३१औं साधारण सभामा पेश भएका सामान्य र विशेष प्रस्तावमा पूर्ण समर्थन रहेको जानकारी ।

६. श्री लक्ष्मण बहादुर श्रेष्ठ :

- बैंकले यस वर्ष ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद व्यक्त ।
- सुशासन कायम राख्दै समयमा नै साधारण सभा आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी वर्ष साधारण सभामा प्रथम त्रयमास भित्र सम्पन्न गर्न सुझाव ।

| | | |
|---|---|---|
| ............ | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | ............ |
| श्रीधर अधिकारी | | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

- बैंकको खर्चमा मितव्ययीता अपनाउन आग्रह ।
- साधारण सभामा पेस भएका सबै प्रस्तावहरुमा पूर्ण समर्थन ।
- वार्षिक साधारण सभाको सफलताको शुभकामना ।

**७. श्री इन्द्र कृष्ण श्रेष्ठ :**

- बैंकले यस वर्ष ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकको संचालन मुनाफा र खुद मुनाफामा वृद्धि स्वागत योग्य रहेको धारणा व्यक्त ।

**८. श्री बैजु नाथ रौनियार :**

- बैंकले यस वर्ष ३.८०% बोनश शेयर र ६.८५% नगद लाभांश गरी जम्मा १०.६५% लाभांश प्रस्ताव गरेकोमा खुसी व्यक्त ।
- बैंकका सूचकहरु सकारात्मक रहेको धारणा व्यक्त ।
- आगामी वर्ष बैंकको प्रतिफल बढ्ने र लाभांश पनि वृद्धि हुने अपेक्षा ।
- बैंकले लगातार उत्कृष्ट क्रेडिट रेटिङ्ग प्राप्त गर्न सफल भएकोमा खुसी व्यक्त ।
- बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. ले प्रवाह गरेको सेवाका लागि धन्यवाद व्यक्त ।
- बैंकले दायर गरेको तथा बैंकको नाममा पर्न आएको मुद्दा समयमानै फछ्र्यौट गर्न आवश्यक कार्य गर्न आग्रह ।
- बैंकले ग्राहकको गुनासो सुनुवाई गरी गुनासो निवारण गरेकोमा प्रशंसा ।

**९. श्री डमरु वल्लभ घिमिरे :**

- *समयभित्रै साधारण सभा आयोजना गरी १०.६५% लाभांश प्रस्ताव गरेकोमा धन्यवाद व्यक्त ।*
- बैंकका प्रस्तावित प्रवन्ध संचालक श्री राम कुमार तिवारीज्यूलाई स्वागत ।
- सम्भव भएसम्म आगामी वर्ष बैंकको साधारण सभा चाँडै सम्पन्न गर्न सुझाव ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

**१०. उत्सब सुन्दर श्रेष्ठ :**

- आगामी वर्ष नगद लाभांश र बोनस शेयरको अनुपात बराबरको हाराहारीमा हुने गरी प्रस्ताव गर्न सुझाव ।
- आगामी दिनमा संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम विपन्न वर्ग समेत लाभान्वित हुनेगरी संचालन गर्न सुझाव ।
- बैंकको प्रस्तावित प्रवन्ध संचालकको कार्यकालमा अझ बढी प्रतिफल प्राप्त हुने आशा व्यक्त ।

**११. श्री नरसिङ लाल चखूँ :**

- ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश प्रस्ताव गरेकोमा संचालक समिति, व्यवस्थापन र कर्मचारीहरुप्रति आभार प्रकट ।
- बैंकको आम्दानीका शीर्षकहरु मजवुत बनाउन तथा खर्च घटाउन सुझाव ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

| | | |
|---|---|---|
| **श्रीधर अधिकारी** | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | **जयती बन्सल** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

१२. श्री जगन्नाथ आचार्य :

- समीक्षा वर्ष २०८०/८१ को मुनाफाबाट बैंकले ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश गरी कुल १०.६५% लाभांश प्रस्ताव गरकोमा धन्यवाद व्यक्त ।
- निष्कृय कर्जा घटेकोमा धन्यवाद व्यक्त ।
- बैंकको आगामी वार्षिक साधारण सभा दशै अगाडि सम्पन्न गर्न अनुरोध ।
- संचालकहरुको बैठक भत्ता तथा स्थानीय संचालकहरुलाई प्रदान गरिने पत्रपत्रिका तथा समाचार सामाग्री वापतको मासिक खर्च वृद्धि समय सापेक्ष रहेकोमा समर्थन ।
- बैंक मर्जर वा एक्विजिसनमा जान उपयुक्त नभएको धारणा व्यक्त ।
- लामो समय विद्युतीय उपकरणबाट काम गर्नु पर्ने भएकाले कर्मचारीहरुलाई समय समयमा योगा तथा ध्यान जस्ता प्रशिक्षण शिविरको आयोजना गर्न सुझाव व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले गरेका कार्यहरु प्रति खुसी व्यक्त गर्दै आगामी दिनमा सम्बन्धित नगरपालिकाहरुसँग समन्वय गरी त्यस्तो खर्च सार्वजनिक शौचालय निर्माणमा समेत उपयोग गर्न व्यवस्थापकलाई अनुरोध ।
- आगामी साधारण सभामा हालको लाभांश दर नघट्ने गरी प्रस्ताव ल्याउन आग्रह ।
- बैंकको ३१औं साधारण सभा सभ्य र भव्य रुपमा सम्पन्न होस् भन्ने कामना व्यक्त ।

१३. श्री निरुपमा गुप्ता :

- वित्तीय सूचकहरु सकारात्मक रहेकोमा खुशी व्यक्त ।
- निष्कृय कर्जा विवेकपूर्ण तवरले घटाउदै लैजाने तर्फ विशेष जोड दिएर कार्य गर्न आग्रह ।
- साधारण सभा दशैं ताका सम्पन्न गर्न ध्यानाकर्षण ।
- यस वर्ष शेयरधनीलाई ३.८०% बोनस शेयर र ६.८५% नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन र आगामी वर्ष समेत दोहोरो अंकको लाभांशको अपेक्षा ।
- समय सापेक्ष खर्च बढ्नु स्वभाविक भएतापनि खर्चमा मितव्ययिता अपनाएर अघि बढ्न अनुरोध ।
- साधारण सभाका सामान्य प्रस्ताव एवं विशेष प्रस्तावमा समर्थन ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

*****

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)